# शहीद शुक्र मा.वि. सम्बन्धी छानविन प्रतिवेदन

## १. उजुरीमा उठाइएका विषयवस्तुहरुः-

क. विद्यालयको कम्पाउण्ड भित्र रहेका २२ वटा सटरहरु विना प्रतिस्पर्धा भाडामा लगाई आर्थिक अनियमितता गरेको ।

ख. लेखापरिक्षण आफ्नै मातहतका लेखापरिक्षकबाट गराई अनियमितता गरेको ।

ग. सरकारी अनुदानको रकम दुरुपयोग गरेको ।

घ. विभिन्न संघ संस्था तथा लोक सेवा आयोगको तयारी कक्षा बापत लिएको भाडा आम्दानी नदेखाएको ।

ङ. शिक्षिका मन्जु मैया मास्केलाई नियम कानून विपरितका विदा दिएर संच्चित विदा दुरुस्त बनाएको ।

च. विदाको दिनमा नेवारी समुदायबाट गर्ने भोज भत्तेरबाट उठेको रकम अनियमितता ।

छ. विद्यालयको भवन प्रयोग गरेवापत हुने आम्दानी अनियमितता भएको ।

ज. सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई सरकारले तोकेको विपरित अन्य पोशाक किन्न लगाई कमिसन लिने गरेको ।

झ. विद्यालयको पूर्व तर्फको भवनको माथिल्लो तला थप्दा भएको खर्च पारदर्शी नभएको ।

ञ. शिक्षकहरुको सन्चित नभएको विरामी विदा पैसा लिएर दुरुस्त बनाई दिएको ।

ट. विद्यार्थीलाई स्टेशनरी सामान विद्यालयबाटै खरिद गर्न लगाई आर्थीक शोषण गरेको ।

ठ. विद्यालयका तहगत तथा विषयगत शिक्षकलाई पदअनुसारको काममा नलगाइ कम योग्यता भएका शिक्षकलाई माथिल्लो कक्षामा अध्यापन गर्न लगाएको र कोचिङ्ग कक्षाको नाउँमा विद्यार्थी एवं विद्यालयको आन्तरीक स्रोतको रकम खर्च गरी अनियमितता गरेको ।

ड. स.प्र.अ.ले पिरियड नलिई नियम विपरीत बाहिर हिड्ने गरेको ।

ढ. प्रा.वि.शिक्षक राजकुमार श्रेष्ठलाई कानुन विपरीत विद्यालयको स्रोतबाट थप तलव ग्रेड स्वरुप खुवाई स्रोतको हिनामिना गरेको ।

ण. विद्यालयले प्रशासन संचालनमा कनिष्ठलाई जिम्मेवार दिएको ।

त. शिक्षकका विदा तथा सुविद्या विद्यालयले जिम्मेवार दिएको कनिष्ठ शिक्षकबाट गराई कानूनको खिल्ली उडाएको ।

थ. शिक्षा नियमावली विपरित मन्जु मैया मास्केलाई पटक पटक विदा मिलाईदिएर अमेरीका भ्रमणमा पठाएको ।

द. विद्यालयको सरकारी जनशक्ति हुँदाहुँदै प्रक्रिया विपरित आफन्तहरुलाई भर्ना गरी अनियमितता गरेको ।

ध. छात्रवृत्तिको रकम दुरुपयोग गरेको ।

न. विद्यालयको पक्की भवन भत्काइ समुदायको भावना विपरित सार्वजनिक स्रोतको दुरुपयोग गरेको ।

**२. उजुरीको विषयवस्तुका सम्वन्धमा देखिएका तथ्यहरु :-**

- विद्यालयको २२ वटा सटरहरुको भाडाको सम्बन्धमा सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गरी तामेलिमा राखेको देखियो।
- विद्यालयको लेखापरीक्षक सम्बन्धमा काठमाण्डौ महानगरपालिकाको कार्यालयबाट खटाइएका लेखा परीक्षकबाट गर्ने कानुनी प्रावधान एवं नियम बमोजिम गरिएकोले यसमा आफ्नै मातहतका लेखा परीक्षकबाट गराएको भन्ने आरोप गलत भएको र उक्त लेखा परीक्षण प्र.अ. द्धारा विद्यालयको वार्षिक उत्सवका दिन सार्वजनिक गरिने प्रावधान बमोजिम गरिएको रउक्त लेखा परीक्षण प्रतिवेदन आफ्ना तालुक निकायमा समेत बुझाएको पाइयो।
- सामाजिक परीक्षण गर्दा नियमानुसार विद्यालय व्यबस्थापन समितिले एक समिति बनाई उक्त समिति मार्फत नै तयार गरिएको पाइयो।
- विद्यालयलाई प्राप्त भएको सरकारी अनुदान जुन शिर्षकमा प्राप्त भएको छ त्यहि शिर्षकमा नै खर्च गरिएको र सो को पुष्टि लेखा परीक्षणप्रतिवेदनले गरेको पाइयो ।

- उक्त विद्यालयमा मल्टि प्रोफेशनल एकेडेमी(एम.पि.ए) को कक्षा कोठा बहाल आम्दानीको हिसाव विल रसिद अनुसार नै गर्ने गरेको र पसल बहाल रकमसँगै जोडेर लेखा परीक्षणमा देखाइएको तर उक्त संस्थाले तिर्न बाँकी रहेको भाडा रकम पनि चाँडै दिने मौखिक एवं लिखित प्रतिवद्धता गरेको ।
- शिक्षक मञ्जुमैया मास्केले आफ्नो सञ्चित रहेको विदाबाट मात्रै विदा स्वीकृत गरि बसेको र उक्त विदा स्वीकृत निवेदनविद्यालयबाट प्रमाणित गरी दिएको प्रातिलिपीबाट देखिन्छ ।
- शहिद शुक्र मा.वि.का छिमेकि समुदायबाट विद्यालय प्राङ्गणमा विदाको दिन कहिले काहीं हुने भोज भतेरमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम नै रिसद काटी सो रकम बैंकमा दाखिला गरिएकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०७६/०५/११ गते बसेको बैठकले हाललाई विद्यालयको टहरा भत्काएको हुनाले भोज भतेर तथा अन्य कार्यका लागि स्थान उपलब्ध नगराउने निर्णय सर्वसम्मत पारित गरेको देखिन्छ।
- यसै विद्यालयका पूर्व विद्यार्थी दिपक कार्कीले क्याटरिङ्ग व्यवसाय संचालन गर्दै आएकोमा निजको केही सामान नअटेको हुँदा उक्त सामान ट्वाइलेट सँगै भऱ्याङ्ग मुनी निःशुल्क राख्नलाई निवेदन दिएको हुँदा सो स्थानमा भऱ्याङ्गका रडहरुले विद्यार्थीहरुलाई घाउचोट लाग्ने सम्भावना भएको हुँदा निजले नै उक्त स्थानमा बारबार गरेर आवश्यक पर्दा हटाउने गरी निःशुल्क राख्न दिइएको विद्यालय व्यबस्थापन समितिको निर्णयबाट देखिन्छ ।
- विद्यालयको पूर्वतर्फको भवनको माथिल्लो तल्ला थप्दा भएको खर्चको सम्बन्धमा सम्मानित  अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्धारा छानविन गरेको देखिन्छ ।
- शिक्षकहरुले सरकारी नियम अनुसार तोकीएको आफ्नो सञ्चित रहेको विदा अनुसार नै विदा लिएको र अन्य विदा दिइएको रेकर्डबाट देखिएन ।
- उक्त विद्यालयका विद्यार्थीलाई तोकीएको विद्यार्थी पोशाक नै लगाउन लगाएको तर विद्यालय व्यवस्थापन समितिको मिति २०७५/११/२३ गतेको बैठकको निर्णय बमोजिम विद्यालयले निश्चित समय तोकेकोमा उक्त समयमा नाम दर्ता गरेका विद्यार्थीहरुलाई निःशुल्क सर्ट विद्यालयले वितरण गरेको देखिन्छ ।
- विद्यार्थीलाई सरकारी पाठ्यपुस्तक निःशुल्क वितरण गरेको, विद्यालयको लोगो भएको स्तरिय कापी बजार मूल्य भन्दा सस्तो मूल्यमा दिइएको र डायरी तथा विद्यालयको वार्षिक क्यालेण्डरको रु १०० लिई नाम दर्ताको समयमा वितरण गरेको र डायरील विद्यार्थीहरुको पढाई लेखाईको स्तर उन्नतीका लागि वितरण गरिएको देखिन्छ ।
- विद्यालयको तहगत तथा विषयगत शिक्षकलाई विद्यालयको आवश्यकता अनुरुप विद्यालय व्यवस्थापन समितिकोनिर्णय बमोजिम कक्षा एवम् कोचिङ्ग लिन लगाएको तथा

विद्यार्थीहरुको शैक्षिक अवस्था सुधारका लागि विद्यार्थी, अभिभावकहरुको भेला गरी उहाँहरुकै राय बमोजिम विद्यार्थीहरुको कमजोर विषयहरु दैनिक २ घण्टा पढाउन आन्तरिक शिक्षकका लागि प्रति पिरियडको रु २५० र बाहिरको शिक्षकका लागि रु.३०० दिने र अविभावकबाट प्रति विद्यार्थी प्रति महिना रु ७५० तथा कुनै महिना आधा समय मात्रै पढेमा रु ३७५ मात्र रकम लिई कोचिङ्ग कक्षा संचालन गरिएको, साथै उक्त रकम शिक्षकलाई अपुग भएमा विद्यालयको आन्तरिक स्रोतबाट व्योहोर्ने गरि विद्यालय व्यवस्थापन समितिले निर्णय गरेको भन्ने बुझिएको।

- उक्त विद्यालयका स.प्र.अ.रोशन शाहलेविद्यालयले तोकीदिए बमोजिमको पिरियड लिएको, स्वेच्छाचारी रुपमा नियम विपरित विद्यालय समयमा बाहिर हिँडेको भन्ने व्यहोरा सत्य नभएको ।
- उक्त विद्यालयमा लामो समयदेखि कार्यरत प्रा.वि. शिक्षक श्री राजकुमार श्रेष्ठले विद्यालयमा विगत २७ वर्ष देखि अस्थायी प्रा.वि. शिक्षकको रुपमा शिक्षण गर्दै विद्यालयको उन्नतिमा महत्वपूर्ण योगदान गरेकोले मिति २०७५/१२/२९ गतेदेखि लागुहुने गरी प्रा.वि. तृतीय श्रेणीमा स्थायी भएर आएका रनिजलाई मिति २०७५/१२/२९ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले पूर्ववत् अस्थायी हुँदाको समयमा खाईपाई आएको ग्रेड नघट्ने गरी तलव खुवाउने निर्णय गरेको देखिएको र विद्यालयले उपलब्ध गराएको ग्रेड क्रमशः निजले पाउने वार्षिक ग्रेडमा घटाउँदै विद्यालयबाट दिने ग्रेडलाई शून्य बनाउने निर्णय गरेको देखिन्छ।
- विद्यालय व्यवस्थापन समितिको मिति २०६७/०७/१४ गते आइतबारका दिन बसेको बैठकको निर्णय अनुसार शिक्षक श्री रोशन शाहलाई स.प्र.अ.को जिम्मेवारी दिएको र निजले उक्त पद अनुसारको जिम्मेवारी पुरा गरेको ।
- विद्यालयले छात्रवृत्तिको रकम प्रत्येक शैक्षिक सत्रमा अभिभावकहरुको भेला गराई समयमा नै वितरण गरिएको तर यस शैक्षिक सत्रमा निकासा नै ढिलो गरि आएको र प्र.अ. अवकास भई विद्यालय व्यवस्थापन समितिकको समेत पदावधी सकिएको हुँदा विद्यालय व्यवस्थापन समितिको गठन हुने वितिकै छात्रवृत्ति प्रदान गर्ने हाल कार्यरत प्र.अले व्यक्त गर्नु भएको ।
- उजुरीमा उल्लेखित विद्यालयको भवन २०७२ सालको महाभुकम्पबाट क्षतिग्रस्त भई रातो स्टिकर प्रदान गरिएकोमा जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा) काठमाडौको मिति २०७६/०१/२० को च.नं. २१० को पत्र अनुसार उक्त क्षतिग्रस्त भवनलाई भत्काइ सो स्थानमा ४ कोठे भवन निर्माणका लागि बजेट समेत छुट्याइ विद्यालय व्यवस्थापन समितिले निर्णय समेत गरी वडा नं. २८ बाट उक्त क्षतिग्रस्त भवन भत्काउन स्विकृती लिई भवन निर्माण कार्य सुचारु गर्न जगखन्ने क्रममा सम्बन्धित वडा वासीले अवरोध

गरेको र पछी वडा तथा यसै ६ नं. क्षेत्रका सांसद माननीय श्री भिमसेन दास प्रधानज्यूले उक्त स्थानमा हाललाइ भवन नवनाउन पत्र पठाएकोले उक्त आयोजना कार्यान्वयन नभएको देखिन्छ ।

- उजुरीमा उल्लेखित आर्थीक, शैक्षिक र प्रशासनिक लगायतको भ्रष्टाचारमा स.प्र.अ. रोशन शाहको भुमिका रहेको र निजले विद्यालयबाट अकुत सम्पत्ती आर्जन गरेको भन्ने विषयमा माथि उल्लेखित तथ्यगत विवरण तथा कागजातबाट पुष्टिहुने आधार नपाइएको र निजको आर्थीक पक्षसँग कुनै सरोकार पनी नभएकाले निज स.प्र.अ. रोशन शाहलाई लगाइएको आरोपमासत्यतानदेखिएको ।

## ३. निश्कर्षः-

- शहिद शुक्र मा.वि को २२ वट्टा सटर भाडा लगाई अनियमितता गरेको, सामाजिक परीक्षण तथा लेखापरीक्षक नियुक्तिमा अनियमितता, सरकारी अनुदान रकमको दुरुपयोग, शिक्षक मन्जु मैयाले अमेरीका जाँदा लिएको विदा स्वीकृत सम्बन्धमा, विद्यालयको माथिल्लो तलाथप, विद्यार्थीलाई पोशाक वितरण, पाठ्यपुस्तक वितरण, कनिष्ठ व्यक्तिलाई स.प्र.अ.को जिम्मेवारी दिएको, विद्यालयले संचालन गरेको कमजोर विद्यार्थीको कोचिङ्ग कक्षाको रकम को अनियमितता लगायतका उजुरीमा उल्लेख गरिएको विषयबस्तुका सम्बन्धमा सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत सोही व्यहोराको उजुरी परी सम्मानीत आयोगले छानविन गरी मिति २०७६/०६/२४ को निर्णयानुसार उल्लेखित विषयबस्तुका उजुरीहरु तामेलीमा राखेकोआयोगको मिति २०७६/११/१२ को पत्र समेत टोलीलाई प्राप्त भएको र टोलीको स्थलगत छानविनबाट पनी उजुरीमा लेखिए बमोजिमका बुँदागत रुपमा छानविन एवं कागजातहरु माग गरी हेर्दा उजुरीमा लगाइएको आरोपहरु पुष्टिहुने आधार प्रमाणहरुनपाएको । नियतबस दुःख दिने मनसायले उजुरी गरेको देखिन्छ ।
- विद्यालय व्यबस्थापन समितिको कार्यकाल मिति २०७६ मंसिर २६ गतेबाट समाप्त भएको, सोही समयमा प्र.अ. पनी अवकाश भएकाले यस आ.वको विद्यार्थी छात्रबृत्ति रकम वितरणमा ढिलाई भएको, विद्यालय व्यबस्थापन समिति गठनको प्रक्रियामा रहेको र उक्त रकम विद्यालयको खातामा सुरक्षित रहेकाले समिति गठन हुने वित्तिकै वितरण गर्ने तयारीमा विद्यालय रहेको देखिएकाले अनियमितता गरेको भन्न सकिएन ।
- शहिद शुक्र मा.वि.का स्थानिय समुदायबाट विद्यालय प्राङ्गणमा विदाको दिन भोज भत्तेर गर्ने गरेको उजुरीका सम्बन्भमा विद्यालय व्यवस्थापन समितिको मिति २०७६/०५/११

गते बसेको बैठकले अव उप्रान्त भोज भतेर तथा अन्य कार्यका लागि स्थान उपलब्ध नगराउने निर्णय गरेको देखिएकोले उक्त विषयमा पनी टोलीले बोलि रहनु परेन ।

**४.राय/ सुझाव :-**

- शहिद शुक्र माध्यामिकविद्यालयको एउटा भवन २०७२ सालको महाभुकम्पबाट क्षतिग्रस्त भई रातो स्टिकर प्रदान गरिएकोमा जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा) नयाँबानेश्वर काठमाडौको च.नं. २१० मिति २०७६/०१/२० को पत्र अनुसार उक्त क्षतिग्रस्त भवनलाई भत्काइ सो स्थानमा ४ कोठे भवन निर्माणका लागि आयोजनाले बजेट समेत छुट्याइ तत्कालिन विद्यालय व्यवस्थापन समितिले निर्णय समेत गरी वडा नं. २८ बाट उक्त क्षतिग्रस्त भवन भत्काउन स्विकृती लिई भवन निर्माण कार्य सुचारु गर्न जगखन्ने क्रममा सम्बन्धित वडा वासीले अवरोध गरेको र पछि वडाबासी तथा ६ नं. क्षेत्रका सांसद माननीय श्री भिमसेन दास प्रधानज्यूले उक्त स्थानमा हाललाई भवन नवनाउन पत्र पठाएको आधारमा उक्त आयोजना रद्द गरी कार्यान्वयन गरेकोनपाईएकोले, सो विद्यालयको क्षतिग्रस्त भवन बनाउन बजेट समेत छुट्टीई सकेको अवस्थामा आयोजना रद्द गर्नु उपयुक्त नभइ यथाशिघ्रभवन निर्माण कार्यलाई कार्यान्वयनमा ल्याउन सम्बन्धित विद्यालय र जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा) नयाँबानेश्वर काठमाडौलाई निर्देशन दिन उपयुक्त देखिन्छ ।

**५. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।२७ को निर्णयः**

शहीद शुक्र मा.वि.मा अनियमितता भएको लगायत विविध विषयको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न शहीद शुक्र मा.वि. बागबजार, काठमाडौंलाई निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।